स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाउने शीर्ष पहिलो र चौंथो फिल्म अभिनेत्री अञ्जना बराइलीको नाममा छन्। 'पूर्णबहादुरको सारंगी' मा बाठुली होस् या 'परान' की कान्छी बुहारी। सफलताको घोडामा सयर गरिरहेकी उनै अञ्जना केही दिनयता पारिश्रमिकको कारणले चर्चामा छिन्। उनले २० लाख रुपैयाँ पारिश्रमिक डिमाण्ड गरेको कुरा केही मिडिया विवरणमा उल्लेख छ।

आजको विचार...



बैदेशिक...

(दुई पेजमा)

बिबश डि सी

छिल्लो समय नेपाली फिल्म क्षेत्रमा छायांकन सुरु हुनुअघि कलाकारदेखि छायाँकारसम्मको उपस्थितिमा वर्कसप गर्ने चलन फस्टाउँदै गएको छ। फिल्म निर्माण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन आयोजना गहिरो रुपमा बुझ्न र स्क्रिप्टको सूक्ष्म अध्ययन गर्न महत्वपूर्ण भूमिका खेल्ने गरेको छ। वर्कसपमा कलाकारहरु तेरिया मगर, पुस्कर गुरुङ, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने लगायत सहभागी छन्।



❐ वर्ष ३१ अंक १४५ ❐ २०८२ पुस ७ गते सोमबार 22 December 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### गोलीकाण्ड : ९ जनाको मृत्यु

**(रासस/एएफपी)**

जोहान्सबर्ग, पुस ६/दक्षिण अफ्रिकाको जोहान्सबर्ग नजिकैको बेक्कर्सडालमा शनिबार बिहान अज्ञात हथियारधारीहरूले एक बारमा गोली चलाउँदा ९ जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् । यो महिनाभरि देशमा भएको दोस्रो ठूलो गोलीकाण्ड हो । पुलिसका अनुसार आक्रमणकारी दुईवटा सवारीसाधनमा बारमा पुगेका थिए र ग्राहकमाथि गोली चलाए । भाग्दा पनि उनीहरूले अनियन्त्रित रूपमा गोली चलाइरहेका थिए । मृतकमध्ये एक अनलाइन कार सेवा चालक पनि छन् । आक्रमणकारीहरूको खोजी अभियान जारी छ । दक्षिण अफ्रिका लामो समयदेखि अपराध र भ्रष्टाचारको सामना गर्दै आएको छ । देशमा गोलीकाण्ड सामान्य घटना हुन् र प्राय: हिंसा अवैध व्यवसाय प्रतिस्पर्धाका कारण हुने गर्छन् । यसअघि, डिसेम्बर ६ मा प्रिटोरियासँग नजिकैको सोल्सभिल टाउनशिपको होस्टलमा गोलीकाण्डमा १२ जनाको मृत्यु भएको थियो ।

# गुल्मीका सरकारी कार्यालयमा जनशक्ति अभाव

## एक सय ७३ पद रिक्त, सेवा प्रवाहमा चुनौती

**हाम्रा संवाददाता/रासस**

**गुल्मी,** पुस ६/राष्ट्रिय सतर्कता केन्द्रले जिल्लामा अधिकांश सरकारी कार्यालयको सेवा प्रवाह सन्तोषजनक देखिए पनि जनशक्ति अभाव, बजेट न्यूनता र प्रविधिगत समस्याका कारण चुनौती थपिएको निष्कर्ष निकालेको छ । राष्ट्रिय सतर्कता केन्द्रले गुल्मीका २८ सरकारी कार्यालय र छ वटा विकास आयोजनाको अनुगमन तथा सेवाग्राही सर्भेक्षण गरेपछि उक्त निष्कर्ष निकालिएको राष्ट्रिय सतर्कता केन्द्रका सहसचिव दीपक घिमिरेले जानकारी गराए ।



सतर्कता केन्द्रले एक सातको अवधिमा जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी, गुल्मी अस्पताल, स्वास्थ्य कार्यालय, कृषि ज्ञान केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय, नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण, डिभिजन वन, खानेपानी र केही स्थानीय तहका कार्यालयको अनुगमन गरेको थियो । अनुगमन गरिएका कार्यालयमा कूल ६ सय २९ दरबन्दीमध्ये ४ सय ७९ पद मात्र दरबन्दी पूर्ति भएको पाइएको छ । एक सय ७३ पद रिक्त रहँदा करिब २७ दशमलव पाँच प्रतिशत जनशक्ति अभाव रहेको देखिएको छ । त्यसका कारण सेवा प्रवाहमा प्रत्यक्ष असर परेको जनाइएको छ । केन्द्रले गरेको ५७ सेवाग्राही सहभागीको सर्भेक्षणअनुसार ८७ दशमलव सात प्रतिशतले तोकिएका समयमा सेवा प्राप्त गरेका छन् । सेवा नपाएका सेवाग्राहीले कर्मचारी अभाव, प्रक्रिया झन्झटिलो र कागजात नपुगेका कारण उल्लेख गरेका छन् । सेवाग्राही सेवा प्रवाहप्रति सन्तुष्ट हुनुमा समयमै काम हुनु, कर्मचारीको व्यवहार सकारात्मक हुनु र सेवा प्रक्रिया सहज हुनु सन्तुष्टिका प्रमुख कारण रहेका छन् । तीन दशमलव पाँच प्रतिशत सेवाग्राहीले भने सेवा लिने क्रममा अतिरिक्त रकम (घुस) दिनुपरेको बताएका छन् । अनुगमनका क्रममा अधिकांश कार्यालयले जनशक्तिको कमी, सर्भर डाउन हुनु, न्यून बजेट, भौगोलिक विकटता तथा अन्तरनिकाय समन्वयको अभावलाई मुख्य समस्याको विषय औँल्याएका छन् । यद्यपि डिजिटल प्रणाली, नागरिक बडापत्र, गुनासो सुनुवाइ संयन्त्र, सूचना प्रविधिको प्रयोग र सेवाग्राहीमैत्री अभ्यासमार्फत सेवा सुधारको प्रयास भइरहेको पाइएको छ । यसैगरी, केन्द्रले गुल्मीदरबार, छत्रकोट, धुर्कोट तथा इश्मा गाउँपालिका र रेसुङ्गा नगरपालिकामा सञ्चालित प्रशासनिक भवन निर्माण, सडक स्तरोन्नति तथा कल्भर्ट निर्माणसहित छ वटा विकास आयोजनाको अनुगमन गरेको थियो । अनुगमनका क्रममा कतिपय आयोजनामा भौतिक प्रगति सन्तोषजनक रहे पनि बजेट अभाव, समन्वयमा ढिलाइ र समयमै काम सम्पन्न गर्ने चुनौती देखिएको बताइएको छ । यस्ता विषयमा जानकारी दिन राष्ट्रिय सतर्कता केन्द्रले सदरमुकाम तम्घासमा सदाचार शिक्षा तथा जनचेतनामूलक कार्यक्रमसमेत गरेको छ । कार्यक्रममा सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त बनाउन सदाचारको भूमिकाबारे छलफल गरिएको छ । राष्ट्रिय सतर्कता केन्द्रले जिल्लामा अनुगमनबाट देखिएका कमजोरी सुधार गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सम्बन्धित निकायलाई सुझावसमेत दिएको सहसचिव घिमिरेले बताए । कार्यक्रममा जनप्रतिनिधि, कार्यालय प्रमुख नागरिक समाज तथा सरोकारवालाको सहभागिता रहेको थियो । *-रासस*

## राष्ट्रिय झण्डाको सम्मान गरौं

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईंदैन:

-राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।

-राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।

-व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।

-शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।

-शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतिक चिन्ह राख्न ।

-फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# रामपुरमा आप्रवासी स्रोत उप–केन्द्र स्थापना

**पाल्पा,** पुस ६/जिल्लाको रामपुरमा आप्रवासी स्रोत उप-केन्द्र स्थापना भएको छ । सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत उप-केन्द्र स्थापना गरिएको हो । वैदेशिक रोजगारीमा जान चाहाने तथा रोजगारीको शिलशिलामा प्रवासमा रहेका नागरिकहरुलाई परामर्श प्रदान गर्ने उद्देश्यले इलाका प्रशासन कार्यालयमा उप-केन्द्रको स्थापना गरिएको छ । जसको एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरिएको छ ।



उप-केन्द्रबाट सूचना तथा परामर्श सेवा, कानूनी परामर्श तथा कानुनी सहजिकरण, सीप विकास तालिमको लागि सहजिकरण सेवा प्रवाह गरिनेछ । उप-केन्द्रको रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापा र पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले संयुक्त रुपमा शुभारम्भ गरेका हुन् । केन्द्रको उद्घाटन गर्दै नगर प्रमुख रमण बहादुर थापाले वैदेशिक रोजगारले अर्थतन्त्रको ठूलो हिस्सा विप्रेषणले ओगटे पनि स्वदेशमा पुँजी निर्माण जुन मात्रा हुनु पर्ने हो सो अनुसार हुन नसकेको बताए । अधिकांश रेमिटान्स घरखर्चमा सकिने गरेको उनको भनाई छ । नगर प्रमुख थापाले सामी कार्यक्रमले वैदेशिक रोजगारको क्रममा समस्या परेका नागरिकहरुको सहजताको लागि महत्वपूर्ण सहयोग गर्ने बताए । स्थानीय सरकारले स्वदेश मै युवाहरुलाई स्वरोजगार सिर्जनाका लागि कार्यक्रम सञ्चालन गरे पनि युवाहरुको आकर्षण कम रहेको उनले बताए । युवाहरुलाई स्वदेश मै उद्यमी बनाउन प्रयास गरे पनि अवसरको खोजीमा विदेश पलायन हुनेको संख्या बढ्दै गएको उनको भनाई छ । पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले ग्लोबलाईजेशनको समयमा विदेश जान चाहाने युवालाई रोक्न नसकिने अवस्था रहेको बताउँदै वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनु आवश्यक रहेको बताए । नेपालको साक्षरता प्रतिशत बढे पनि वित्तिय साक्षरताको कमी रहेका कारण वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सको उचित सदुपयोग हुन नसकेको उनले बताए । कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरी, रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्यदर्शन पण्डित, एनआरएनए युएईका अध्यक्ष भिम मल्ल ठकुरी लगायतले आ-आफ्ना धारणा व्यक्त गरेका थिए । सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका लुम्बिनी प्रदेश कार्यक्रम व्यवस्थापक विजय ठाकुरले वैदेशिक रोजगारले दिएको योगदान, चुनौती, समस्याको विषयमा जानकारी गराएका थिए । सामी परियोजना पाल्पाका कार्यक्रम संयोजक दिनेश घिमिरेले जिल्लाबाट प्रवाह हुँदै आएको सेवा र वर्तमान अवस्थाको बारेमा जानकारी दिए । रामपुर नगरपालिका रोजगार शाखा संयोजक गणेश प्रसाद रेग्मीले नगरपालिकाले वैदेशिक रोजगारी सम्बन्धी गरेका कार्यको बारेमा जानकारी गराए । रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितको अध्यक्षता, नगरपालिका रोजगार शाखा संयोजक गणेश प्रसाद रेग्मीको स्वागत, योजना शाखा अधिकृत विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

## सम्पादकीय

# नेपालमा महिला हिंसाको वर्तमान अवस्था

**नेपालले संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिवद्धता मार्फत महिला अधिकार सुनिश्चित गर्ने जनाए पनि व्यवहारमा महिला हिंसा अझै गहिरो समस्याका रुपमा कायम छ । घरभित्र हुने घरेलु हिंसादेखि सार्वजनिक स्थान, कार्यस्थल र सामाजिक सञ्जालसम्म महिलामाथि हुने दुर्व्यवहारका घटनाहरु दिनानुदिन सार्वजनिक भइरहेका छन् । यो अवस्थाले हाम्रो सामाजिक चेतना, कानुनी कार्यान्वयन र राज्यको प्रभावकारिता माथि गम्भीर प्रश्न खडा गरेको छ ।**

**महिला हिंसाको मूल कारण संरचनागत छ । पितृसत्तात्मक सोच, लैंगिक असमानता, अशिक्षा, गरिबी, मदिरा तथा लागुऔषध दुरुपयोग, साथै दण्डहीनताको संस्कृतिले हिंसालाई मलजल गरिरहेको छ । अझै पनि धेरै महिलाले हिंसालाई 'भाग्य' वा 'घरको कुरा' ठानेर सहनु परेको यथार्थ छ । उजुरी गरे पनि न्याय ढिलो हुने, पीडित नै दोषी ठहरिने सामाजिक प्रवृत्तिले हिंसा झनै लुकाउने काम गरेको छ । हालको अवस्थामा कानुनी व्यवस्था कमजोर होइन, कमजोर छ भने यसको कार्यान्वयन, घरेलु हिंसा ऐन, मानव बेचबिखन नियन्त्रण ऐन जस्ता कानुन भए पनि प्रभावकारी अनुसन्धान, शीघ्र न्याय र पीडितमैत्री प्रणालीको अभाव छ । कतिपय घटनामा राजनीतिक पहुँच र सामाजिक दवाबका कारण दोषी उम्कने गरेका उदाहरणले न्याय प्रणालीप्रति जनविश्वास घटाएको छ ।**

**महिला हिंसा रोक्न बहुआयामिक उपाय आवश्यक छन् । पहिलो, कानुनको कडाइका साथ कार्यान्वयन र दण्डहीनताको अन्त्य हुनुपर्छ । दोस्रो, विद्यालय तहदेखि नै लैंगिक समानता र सम्मानको शिक्षा अनिवार्य गरिनुपर्छ । तेस्रो, पीडित महिलालाई सुरक्षित आवास, नि:शुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र आर्थिक पुन:स्थापनाको व्यवस्था हुनुपर्छ । चौथो, सञ्चारमाध्यमले सनसनीभन्दा सचेतनालाई प्राथमिकता दिन जरुरी छ । अन्ततः महिला हिंसा केवल महिलाको समस्या होइन, यो सम्पूर्ण समाजको चुनौती हो । सभ्य र समुन्नत समाज निर्माणका लागि महिलाको सम्मान, सुरक्षा र समान अवसर सुनिश्चित गर्नु अपरिहार्य छ । राज्य, समाज र नागरिक सबैले आ-आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गरे मात्र हिंसामुक्त नेपाल सम्भव । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।**

## Opinion @ Socia Network

सधैंभरी सुखमा हाँसेर नि नहुने, जीवनभरी दुःखमा रोएर नि नहुने
यही त होला आखिर जिन्दगानी, मृत्युलाई कहिले सोंचेर पनि नहुने ।
*(सुरज थापाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Suraj.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बैदेशिक हस्तक्षेप र देशभक्त युवाहरुको भूमिका



**बिवस डि सी**

***बैदेशिक शक्तिकेन्द्रहरुले हाम्रो कमजोरीबाट कसरी फाइदा लिइरहेका छन् भन्ने बिषय उदाहरणको रुपमा त दासढुङ्ख हत्याकाण्ड, दरबार हत्याकाण्ड हुँदै परिबर्तमकामी राजनैतिक नेतृत्वको हत्या गरेर नेपालमा परिबर्तनको गतिलाइ रोक्ने, राजनैतिक दलहरुलाई टुक्रा-टुक्रामा बिभाजन गराउने ।***

नेपाल एक स्वतन्त्र, स्वाधीन सार्भभौम सत्ता सम्पन्न राष्ट्र हो। जल,जमिन, जंगल,जडिबुटी र बिश्वकै सर्बोच्च शिखर सगरमाथालगायत उच्च हिम शृङखलाहरु तथा अत्यन्तै बहुमुल्य खनिज सम्पदासहित, प्राकृतिक श्रोत, साधन र सम्पदाले भरिपूर्ण प्रकृतिको अनुपम उपाहार हो हाम्रो देश नेपाल । "यो जन्मँदै जगतमा कैयौं प्रहार आए साम्राज्य दुइ हारे तर हारेन सान हाम्रो जंगी निसान हाम्रो !" पुर्खाहरुको वीरता र बलिदानले लेखिएको अत्यन्तै मर्मस्पर्सी अनि देशप्रेमको भावनाले भरिएको यो उक्ति आफैमा राष्ट्रियता अनि देशभक्तिपूर्ण भावनाको परिचय हो । नालापानीलगायत थुप्रै किल्ला र गढीहरुमा सम्राज्यबादका शक्तिशाली फौजहरुलाइ केबल ढुंगा, मुढा र नांगा खुकुरीको भरमा धुलो चटाउने वीर बीरंगनाहरु जन्माउने मुलुक हो नेपाल । त्यसो त २००७ सालको पेरिफेरिबाट भएका थुप्रैआन्तरिक राजनैतिक तथा फौजी संघर्षहरुले जहानिया राणा शासन त कहिले निरंकुश पन्चायती शासन त कहिले सामन्ती निरंकुशताको बिरुद्धमा बिद्रोहको रुपमा सशक्त रुपमा बुलन्द गरिएका घटनालाई नजरअन्दाज गर्न मिल्दैन । नेपाली युवाहरुले साहास, सौर्य, वीरता र बलिदानका अद्बितीय कृतिमान कायम गर्दै, बहुसंख्यक जनताको सहभागितामा तिब्र र घनिभूत रुपमा करिब दश बर्षसम्म संचालित जनयुद्ध त्यसैको निरन्तरता थियो। जनयुद्ध र जनआन्दोलनको बलमा करिब अढाइ सय बर्षदेखि शासन गरिरहेको निरंकुशताको अन्त्य गर्‍यो र मुलुकले गणतन्त्र, संघीयता, धर्म निरपेक्षता,समाबेसितासहितको एकथान नयाँ लोकतान्त्रिक संबिधान पाउन सफल भया` । राजनैतिक प्रणाली त फेरियो तर तर सुशासन र सम्मृद्धिको जग बस्न सकेन भने नेपाली जनताका आधारभूत समस्या समाधान हुन सकेका छैनन्। बरु अन्तराष्ट्रिय माफिया र बिचौलियाको चलखेलको कारण शिशु गणतन्त्रलाई अपहरण गरेर गणतन्त्रकै मझेरिमा एकछत्र हालिमुहाली गर्दै ब्याबस्थाकै खिल्ली उडाउने कोशिस भइरहेका छन्। ठुला राजनैतिक दलका शीर्ष नेतृत्वकै कारण गणतन्त्रलाई बदनाम गर्दै यो ब्याबस्थालाई नै धरापमापार्ने र असफल बनाउने षड्यन्त्रपनि बेला बखतमा नभएका होइनन् । त्यतिमात्र होइन छिमेकीहरुको थिचोमिचो अनि राष्ट्रिय स्वाधिनतामाथिको हस्तक्षेपको बिरुद्धमा आफ्नो जीवनको प्रवाह नगरी अग्रज पुर्खाले जोगाइदिएको गौरबशाली इतिहास हेर्दाहेर्दै आज आएर राष्ट्रिय आत्मसमर्पणबादमा बदलिन खोजिरहेको छ । ठूलो आर्थिक प्रलोभनमा परेर जिम्मेवार सरकारी निकाय अनि शिर्षस्थ नेतृत्वहरुबाटै पटक-पटक राष्ट्रिय स्वाधिनतामाथि गम्भीर आँच आउने सुगौली सन्धी हुँदै माहाकाली ,कोशी, गण्डक, टनकपुर, सुस्ता, महेसपुर जस्ता राष्ट्रहित बिपरीतका सन्धी सम्झौताको मसी सुक्न नपाउदै, बहुसंख्यक नेपाली युवाहरुको प्रतिरोधात्मक संघर्षका आबाजलाइ बुटले कुल्चदै बन्दुकको बलमा मिलेनियम च्यालेन्ज कर्पोरेसन जस्तो राष्ट्रहित बिपरीतको राष्ट्रघाती सन्धी सम्झौताहरुमा निर्लज्ज हस्ताक्षर गर्न सरकारको उच्च नेतृत्व तम्सिनुले हाम्रो राष्ट्रियता कति कमजोर हुँदैछ अनि राष्ट्रिय आत्मासमर्पणवाद कति तीब्रगतिमा हाबी हुँदैछ भन्ने कुराको प्रमाण योभन्दा अरुके हुन सक्छ र ? स्मरण रहोस् एमसीसी परियोजना केही पहुँच वाला नेताको हातमा डलरको खात लगाएर केही लोभी पापी अगुवाहरुको बीचमा कनिका छरेर अन्तत:मुद्री दिएर मुरि लुट्ने दाउमा रहेको अमेरिका नेपालको संबिधान र कानुन भन्दापनि माथि रहेर आफ्नो सैन्य तागतसहित नेपाल भित्रिने बैधानिक बाटो खोजिरहेको छ । त्यतिमात्र होइन आफैमाअस्थिर रहेको भूराजनितिमा थप अस्थिरातासिर्जना गरिदिएर जातीय, धार्मिक र क्षेत्रीय दंगा भड्काएर नेपालीबीच एकआपसमा लडाइँ झगडा गराउने, नेपाललाई बंकर बनाएर चीन र भारतसँग जोरी खोज्ने र हिमालपारी सुतिरहेको सिंहलाई जिस्क्याउने, अन्तत:प्रकृतिको स्वर्ग नेपाललाई रणमैदान बनाउँदै त्यही मौकामा नेपालका बहुमूल्य खनिज तथा सम्पदाहरु कुम्ल्याएर यहाँको राजनीति र अर्थतन्त्रलाई योजनाबद्ध रुपमा डामाडोल बनाएर नेपाललाई इथोपिया, हाइटी, रुवाण्डा, अफगानस्तान कै हालतमा पुऱ्याउने दाउमा छ । बैदेशिक शक्तिकेन्द्रहरुले हाम्रो कमजोरीबाट कसरी फाइदा लिइरहेका छन् भन्ने बिषय उदाहरणको रुपमा त दासढुङ्ख हत्याकाण्ड, दरबार हत्याकाण्ड हुँदै परिबर्तमकामी राजनैतिक नेतृत्वको हत्या गरेर नेपालमा परिबर्तनको गतिलाइ रोक्ने,राजनैतिक दलहरुलाई टुक्रा-टुक्रामा बिभाजन गराउने । अलिक टाठा बाठा र दलाल चरित्र भएका अगुवा, राजनैतिक दलभित्रका विभिन्न त्यसमापनि अलिक अराजक झुण्ड र त्योभित्रका लोभी पापीलाई हातमा लिएर भाडभैलो मच्चाउनु ताकी छिद्रा खोजेर प्वालपार्नु उनीहरुको नित्य कर्मनै हो जस्तो आभाष हुन्छ । करिब ५/७ हजारको संख्यामा तत्कालीन शाही नेपाली सेना राजा र राजपरिवारको सुरक्षार्थ तैनाथ रहेको राजदरबारभित्र ४/५ जना युवराज दीपेन्द्रहरुले भटटटट गोली चलाएर दीपेन्द्रसहित राजा बीरेन्द्रको बंश नास गरिन्छ । जबकि सुरक्षा ब्याबस्था अत्यन्तै कडा रहेको दरबारभित्र सर्बसाधरण मान्छे त के चरा मुसापनि छिर्न पाउँदैन थिए । अरु त कल्पनासम्मपनि गर्न सकिँदैन । को थिए ती ४/५ वटा दीपेन्द्रहरु वा दीपेन्द्रको फोटोकपीहरु ? आजसम्म पनि त्यो रहस्यमय घटनाको छानबिन किन हुन सकिरहेको छैन ? कारण के हो ? तर आम नेपाली जनताले बुझेको कारण यो हो कि राजाहरु मध्य तुलनात्मक रुपमा केही उद्धार र देशभक्त राजा बीरेन्द्रले तत्कालीन माओबादी जनयुद्धलाइ निर्मम रुपमा सैनिक दमन गरेर नेपाली जनता मार्न इन्कार गर्नु अनि शक्तिकेन्द्रहरुसँग झुकेर, उनीहरुको स्वार्थ अनुरुप चलेर राष्ट्र,राष्ट्रियता र नेपाली जनता अनि राष्ट्रियतासँग खेलबाड गर्न नचाहानु, उनीहरुको बुख्याचा बनेर राष्ट्रिय स्वाधिनता र आत्मासम्मानलाई उनीहरुको मुद्रिमा सुम्पन इन्कार गर्नुको परिणाम राजाको कत्लेआमको तयारी गरियो । योजनाबद्ध रुपमा दीपेन्द्रको अनुहारसँग मिल्ने मार्क्स दीपेन्द्रको नक्कली अनुहार र त्यो रात्रीभोजमा दीपेन्द्रले लगाउने आधिकारिक पोशाक लगायत आबश्यक सामाग्रीहरु दरबारभित्र छिराइयो । दीपेन्द्रले चलाउने प्रकृतिका हतियारहरुको पनि बन्दबस्ती मिलाइयो । त्यो बेलाको प्रधानमन्त्री तथा मन्त्रिपरिषद, प्रधानसेनापतिलगायत उच्चसुरक्षा निकायहरु अनि दरबार सुरक्षार्थ खटिएका उच्च सैनिक अधिकारिहरु, राजदरबारको सचिवालयमाथि छानबिन हुनुपर्दैन थियो त ? तत्कालीन सभामुक तारानाथ राणाभाटले खाली बन्दुक देखाएर भटटटटको प्रतिबेदन पेश गरेपछि सकियो । त्यसै गरी केही समय अघि भारतीय जासुसी संष्था रअ का प्रमुख सामन्त गोयल राति अबेर भारतीय बायुसेनाको बिमानमार्फत काठमाडौं आए । सिधै बालुवाटार छिरेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग करिब ४/५ घण्टा योजना बनाएर रातिनै फर्किएका थिए । त्यहाँ भएको बार्तालाभ र बनेका योजनाको बारेमा नेपाली जनतामाझ अझैपनि रहस्यकै रुपमा अनुत्तरित छ । त्यस्तो गम्भीर बिषयमा जनताले सुसूचित हुनपाउने अधिकारलाई किन लुकाइयो ? त्यो सुनसान अँधेरी रातमा बालुवाटारको कालो ओडारभित्र पराइ मान्छेसँग के त्यस्तो गोप्य योजना बन्यो ? त्यसपछि केपी ओलीले आन्तरिक पार्टी जीवनमा र मुलुक भित्रै के कति बितण्डताहरु मच्चाए ?

**के हो जेनजी आन्दोलन ?**

जेनजी अरु केही नभएर केबल एउटा उमेर समूह मात्र हो । तत्कालीन सरकारको नेतृत्वकर्ताबाट नै मुलुकमा एकपछि अर्को तीब्र गतिमा बढ्दै गइरहेको भ्रष्टचार र बेथितिको भण्डाफोर गर्दै, सुशासन र न्यायको पक्षमा आम संचार र सामाजिक संजालको माध्यमबाट युबाहरुले चलाएको भ्रष्टचार बिरोधी अभियानबाट अत्तालिएर ओली नेतृत्वको सरकारले हठात सामाजिक संजालमाथि प्रतिबन्ध लगायो । भ्रष्टचार बिरोधी आबाजलाई रोक्न सामाजिक संजाल माथिको हठात प्रतिबन्ध अनि सरकारको उच्चतह बाट संरक्षित भ्रष्टचार त बेतिथिका घटनाहरुको कारण ०८२ भाद्र २३गते युवा आक्रोश सडकमा छताछुल्ल पोखियो। आन्दोलनलाई नियण्त्रणमा लिने बहानामा सरकारले युबा विद्यार्थीको टाउको र छाती ताकी गोली बर्षाउँदा करिब ६ दर्जन युवाहरुको ज्यान गएको घटना इतिहासमा फेरिअर्को कालो दिनको रुपमा दर्ता भैसकेको छ । इतिहासकै बर्बर र नृसंश हत्याकाण्ड बिरुद्धको प्रतिरोध स्वरुप भाद्र २४ गते पुरै देश सरकार बिरुद्ध आन्दोलित हुनपुग्यो । धमिलो पानीमा माछामार्ने शक्ति त्यही बेला सकृय भयो। आन्दोलनलाई जबर्जस्त हाइज्याक गर्यो । पहलकदमी जेनजी युवाको हातबाट अन्यत्रै गयो । र तीनै कलिला जेनजीलाई मानवीय ढालबनाएर अन्ततः गणतन्त्र, संघीयता र संबिधानमाथि नै धावा बोल्ने हदसम्म पुग्यो परिस्थिति । अत: बिगतमा मति बिग्रिएर टुक्रा टुक्रा र झुण्ड झुण्डमा बिभाजन हुँदै गइरहेका सम्पूर्ण बामपन्थी, प्रगतिशील,देशभक्त शक्तिहरु एकताबद्ध भएर शक्तिशाली कम्युनिष्ट केन्द्रको निर्माणगरि स्थायी सरकार बनाएर यथाशीघ्र राजनैतिक स्थायित्व कायम गरेर मात्र राष्ट्रियतालाई मजबुद बनाउन सकिन्छ। बिदेशीहरुको बगलीमा रहेको हाम्रो राष्ट्रियता, हाम्रो आत्मा सम्मान अनि हाम्रो राष्ट्रिय स्वाधीनतालाई हाम्रो अफ्नै मन,मसमष्तिष्क अनि फदयमा राख्न सकियो भने मात्र सुशासन, सम्बृद्धि र प्रगतिको ढोका खोल्न सकिन्छ । अग्रजको रगतको सम्मान गर्न सकिन्छ । आजको योअबस्थालाई सबैले खुल्ला फदयले समीक्षा गरौं। अब धेरै ढिला नगरौं । भ्रष्टचार, कुसाशान बेथिती र राष्ट्रिय आत्मासमर्पणबादको बिरुद्धमा भण्डाफोर गर्दै,जल,जंगल,जडिबुटी,खनिज सम्पदा,कृषि र पर्यटनको क्षेत्रलाई भरपुर उपयोग गर्दै, यथाशिघ्र आर्थिक रुपमा आत्मानिर्भर अर्थतन्त्रको बिकास गर्दै सम्बृद्धिको बाटोमा अघि बढौं! सुशासन,सम्बृद्धि,सामाजिक न्यायसहित मजबुद राष्ट्रिय एकताको पक्षमा सम्पूर्ण देशभक्त शक्तिहरु एक होऔं !

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०२८५
रेडक्रस पाल्पा ०७५-५२०३८०
रेडक्रस तौलिहवा ०७६-५६००७५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लेखन कलामा निखार आउनेछ। आँटेको कार्यसम्पादन गर्न सकिनेछ। | **तुला** : कानुनी मुद्दा मामलाहरूमा विजय भइनेछ। यात्राको अवसर दिलाउनेछ। |
| **वृष** : अरुको करकापमा काम गर्न बाध्य भइनेछ। श्रमको उचित मूल्यांकन नपाइएला। | **वृश्चिक** : नयाँ काम पाइने योग रहेको छ। पारिवारिक सद्भावमा वृद्धि हुनेछ। |
| **मिथुन** : जीवनसाथीको साथ पाइनेछ। व्यवसायमा श्रम परेपनि लाभ राम्रो रहनेछ। | **धनु** : दाम्पत्य जीवन रमाइलो रहनेछ। अधिकार स्थापित गर्न सक्नुहुनेछ। |
| **कर्कट** : आफ्नो बुद्धिमत्ताले विपरीत परि स्थितिलाई पनि अनुकूल बनाउन सकिनेछ। | **मकर** : कुनै कुरालाई लिएर मनमा अशान्ति रहनेछ। झुटो आरोप लाग्न सक्ला। |
| **सिंह** : मित्रताको बन्धन कसिनेछ। पछिका लागि अवसर खोजी गर्ने समय रहेको छ। | **कुम्भ** : जिम्मेवारी लिएर पछि नहट्नुहोला। बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्छ। |
| **कन्या** : आश्वासन देखाउनेहरू धेरै भेटिनेछन्।सामानको जिम्मेवारी स्वयं राखौं। | **मीन** : व्यक्तित्वमा निखार आउनेछ। पेशामा सहयोगीहरूबाट सहयोग पाइनेछ। |

## शिक्षा

# दरबन्दी अनुसार शिक्षक नहुँदा समस्या




कैलालीमा विद्यार्थी र विद्यालयको सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून हुँदा पठनपाठनमा चुनौती देखिएको छ । माध्यमिक तहमा विद्यालय सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून हुँदा शिक्षकको अभाव छ । जिल्लामा सामुदायिकतर्फ माध्यमिक तहसम्मको पठनपाठन हुने विद्यालय सङ्ख्या एक सय ७४ छ । संस्थागतसहित कूल ३१२ विद्यालयले माध्यमिक तहसम्मको पठनपाठन गराउँदै आएका छन् । माध्यमिक तहमा कैलालीमा शिक्षक दरबन्दी भने एक सय ४४ जनाको मात्रै छ । एक माध्यमिक विद्यालयमा पाँच जनाको दरबन्दी हुनुपर्ने भए पनि कैयौँ विद्यालयमा दरबन्दी नै छैन । अधिकांश विद्यालयको पठनपाठन राहत र शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकको भरमा छ । जिल्ला शिक्षा समन्वय एकाइ धनगढी कैलालीका सूचना अधिकारी राजेन्द्र भट्टका अनुसार जिल्लामा माध्यमिक तहमा राहत कोटामा दुई सय २१ जना शिक्षक कार्यरत छन् । शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको नियुक्ति स्थानीय तहमार्फत हुने भएकाले यकिन तथ्याङ्क नभएको उनले बताए । विसं २०७४ पछि स्थानीय तहले माध्यमिक तहसम्मका विद्यालयको सङ्ख्या बढाउँदै लगेका कारण विद्यालयको सङ्ख्या बढेको उनको भनाइ छ । विद्यालय सङ्ख्या बढे पनि स्वीकृत दरबन्दी नबढेको भट्ट बताउँछन् । "यो स्वीकृत दरबन्दी पुरानो भयो । अहिले दरबन्दी स्वीकृत गर्ने कुनै आधार छैन र भएको पनि छैन", उनले भने, "राहत, अनुदानमा नियुक्त भएका शिक्षकबाट पनि पठनपाठनको काम भैरहेको छ । शिक्षक अभावकै कारण पठनपाठनमा अवरोध कतै भएको छैन ।" साविकको उच्च मावि तहमा ४३ अस्थायी दरबन्दी जिल्लामा कायम गरिएको थियो । त्यसमा ८७ जनाले राहत अनुदान कोटामार्फत अध्यापन गराइरहेका छन् । जिल्ला शिक्षा समन्वय एकाइको तथ्याङ्कअनुसार आधारभूत तहका तीन सय ७६ विद्यालय जिल्लामा छन् । त्यसमा दुई सय नौ शिक्षकको दरबन्दी छ । तीन सय ६८ राहत अनुदानमा कार्यरत छन् । माध्यमिक तहसम्मको पठनपाठनको सबै जिम्मेवारी स्थानीय तहको मातहतमा भए पनि दरबन्दी कायम गरेअनुसार शिक्षक व्यवस्थापनमा गर्ने विषयमा अन्योल छ । कैलालीकै टीकापुर नगरपालिकामा १२ माध्यमिक तहसम्म पठनपाठन भइरहेका विद्यालय छन् । सात ओटा विद्यालयमा मात्रै शिक्षक दरबन्दी छ । त्यसमा १४ जना स्थायी शिक्षक कार्यरत छन् । कतिपय विद्यालयमा एकजनाको दरबन्दी छ । पाँचवटा विद्यालयमा मावि शिक्षकको दरबन्दी नै छैन । दरबन्दी नभएका अधिकांश विद्यालयमा राहत र शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकले विद्यालयको पठनपाठन धानेका छन् । नगरपालिकाभित्र माविमा २१ जना शिक्षक राहत अनुदानमा कार्यरत छन् भने शिक्षण सिकाइ अनुदानमा ११ जना शिक्षक कार्यरत रहेको नगरपालिकाका शिक्षा अधिकृत नरेश अवस्थीले जानकारी दिए । उनका अनुसार सामुदायिक विद्यालयमा कक्षा १० मा नौ सय ९८ जना अध्ययनरत छन् । "कार्यालय सहयोगीको मासिक रु १९ हजार पुग्छ भने प्रावि नगर अनुदानमा अध्यापन गराउने शिक्षकले रु १८ हजार पाउँछन्", शिक्षा अधिकृत अवस्थी भन्छन्, "पारिश्रमिक कम भएका कारण पछिल्लो समय शिक्षक पाउन मुस्किल छ ।" शिक्षण सिकाइ अनुदानमा १७ जना नियुक्त भएका छन् भने १४ जना नगरपालिकाले नगर अनुदानमार्फत नियुक्त गरेको शिक्षा अधिकृत पङ्खबहादुर शाहले जानकारी दिए । भजनीमा दुई सय ८४ जना विद्यार्थी कक्षा १० मा अध्ययनरत छन् । विद्यालयको सङ्ख्याको आधारमा शिक्षक दरबन्दी न्यून हुँदा अधिकांश सामुदायिक विद्यालय राहत अनुदान र शिक्षण सिकाइ अनुदानका भरमा सञ्चालन भइरहेका छन् । अझै अङ्ग्रेजी, गणित र बिज्ञान विषयमा सरकारले उपलब्ध गराउँदै आएको शिक्षण सिकाइ अनुदान रकम रोकिने बित्तिकै कैयौँ माध्यमिक विद्यालय बन्द हुने स्थितिमा पुग्ने सम्भावना छ ।

*-हाम्रा कुरा डटकम*

# सीटीईभीटी परीक्षामा लापरवाही

हेटौँडा शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गत हेटौँडा- ६ स्थित नेपाल-भारत मैत्री बहुप्राविधिक शिक्षालयमा आइतबार सञ्चालन गरिएको परीक्षा पुरानो प्रश्न पत्र वितरण भएपछि रद्द गरिएको छ । केन्द्राध्यक्ष र बाह्य सहायकको लापरबाहीका कारण पुरानो प्रश्नपत्र परीक्षार्थीलाई वितरण गरिएको भन्दै सो दिनका सबै परीक्षा रद्द गरिएको हो । विद्यार्थीले तोकिएको समय पूरा गरी परीक्षा केन्द्रबाट बाहिर निस्किसकेपछि मात्र परीक्षा रद्द गरिएको जानकारी पाएपछि उनीहरू आक्रोशित बनेका थिए ।

'परीक्षा सकिएर बाहिर निस्किसकेपछि मात्र रद्द गरिएको जानकारी पायौँ,' परीक्षार्थीहरूले भने, 'एउटै परीक्षा कति पटक दिने ?' उनीहरूले आफूहरूले दिएको परीक्षालाई मान्यता दिनुपर्ने माग राख्दै परीक्षा केन्द्र परिसरमै नाराबाजीसहित प्रदर्शन गरेका छन् । विद्यार्थीहरूले परीक्षा सूचनासमेत ढिलो दिइएको र व्यवस्थापन सम्पूर्ण रूपमा कमजोर रहेको आरोप लगाएका छन् । घटनाबारे केन्द्राध्यक्ष भुवनेश्वर रञ्जितकार र बाह्य सुपरिवेक्षक शङ्कर खतिवडामाथि छानबिन भइरहेको सीटीईभीटी हेटौँडा प्रदेश कार्यालयका प्रमुख हर्कलाल श्रेष्ठले जानकारी दिए । यस विषयमा दिउँसो ३ बजे जिल्ला परीक्षा समन्वय समितिको बैठक बस्ने उनको भनाइ छ । पुरानो प्रश्न पत्र वितरण भएपछि फिजियोथेरापी अन्तर्गत बीएबिएल साइन्स, एचएको इनभाइरमेन्टल हेल्थ, प्लान्ट साइन्सको इन्ट्रोडक्टरी एनिमल हज्बेन्ड्री, प्रि-डिप्लोमा जेटिए एपिसरी कल्चर तथा भेटनरी गरी विभिन्न विषयका परीक्षा रद्द गरिएका छन् । यी विषयहरूमा ७९ जना परीक्षार्थी सहभागी थिए । यसअघि जेनजी आन्दोलनका कारण उत्तरपुस्तिका जलेपछि सीटीईभीटीले आइतबारबाट पुन: परीक्षा सञ्चालन गर्न लागेको हो ।

*-रातोपाटी डटकम*

# पालिकास्तरीय बाल कचहरी बालविवाह अन्त्य गर्न माग




म्याग्दी, धवलागिरि गाउँपालिका-३ मुनामा आइतबार सम्पन्न पालिकास्तरीय बाल कचहरीबाट बालअधिकारको सुनिश्चितता, संरक्षण तथा प्रवर्द्धन र बालविवाह न्यूनीकरणका लागि १० बुदे घोषणापत्र जारी भएको छ । बाल क्लबका प्रतिनिधि, जनप्रतिनिधि, शिक्षकसम्बद्ध सैसंस्था र सरोकारवालाबीच धवलागिरि गाउँपालिकामा रहेको बालबालिकासम्बन्धी समस्या र समाधान उपायका विषयमा छलफल गरी घोषणापत्र जारी भएको हो । बालविवाह, विभेद, बाल मजदुरजस्ता सामाजिक कुसंस्कारका विरुद्ध सामूहिक आवाज उठाउन र त्यस्ता घटनाको न्यूनीकरणमा कटिबद्ध भएर लाग्ने, बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको नैसर्गिक अधिकारको परिपालनामा संवेदनशील र कार्यान्वयनमा प्रतिबद्ध रहने घोषणापत्रमा उल्लेख छ । विद्यालयमा बालमैत्री वातावरण र भौतिक संरचनालाई बालमैत्री बनाउने, विद्यालयमा सरकारले उपलब्ध गराउने सेनेटरी प्याडको गुणस्तरीयतामा ध्यान दिने, बालविवाह गर्ने र गराउनेलाई कानुनी दायरामा ल्याउने, गुणस्तरीय शिक्षा कायम गराउने, बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटनको अवसर दिलाउने प्रतिबद्धता जनाइएको छ । विद्यालयमा दिवा खाजालाई पोषणयुक्त र आत्मनिर्भर बनाउन विद्यालयमै करेसाबारी बनाउने, विद्यालय तथा समुदायमा हुने सबै किसिमका विभेद तथा भेदभावविरुद्ध शून्य सहनशीलताको रणनीति अपनाइने घोषणापत्रमा उल्लेख छ । गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक तथा वडा नं ३ का अध्यक्ष देवेन्द्र रोकाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बालअधिकारको संरक्षण र बालविवाह न्यूनीकरणमा जोड दिएको बताउँदै दिवाखाजा र छात्राबासका लागि आवश्यक तरकारी विद्यालयमै उत्पादन गर्ने अभ्यास सुरु भएको जानकारी गराए । कार्यक्रममा सहभागी धवलागिरि मावि मुना, बुद्धि विकास मावि मुदी, लमसुङ, हेम नमूना आवासीय मावि र ताकम माविका छ-छ जना विद्यार्थीले जनप्रतिनिधि र सरोकारवालालाई गाउँपालिकामा बालअधिकारसम्बन्धी कार्यक्रम, बालविवाह न्यूनीकरण, विपन्न विद्यार्थीको शिक्षामा पहुँच, शैक्षिक गुणस्तरलगायतका विषयमा जिज्ञासा राखेका थिए । गाउँपालिकाका उपाध्यक्ष पुन, सामाजिक विकास समितिका संयोजक रोका, प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्मा, स्वास्थ्य शाखा प्रमुख सम्झना खाती, शिक्षा शाखा प्रमुख ख्यामराज सुवेदी, महिला बालबालिका शाखाका पुष्पा दवाडी, ताकम प्रहरी चौकीका प्रमुख विक्रम तिवारीले जिज्ञासाको जवाफ दिएका थिए । गुड नेवर्स इन्टरनेसनलको आर्थिक तथा प्राविधिक सहयोगमा सङ्गम म्याग्दीद्वारा सञ्चालित एकीकृत विकास परियोजनाको आयोजनामा भएको कार्यक्रममा रामबहादुर रावतले बालअधिकारको अवस्था, चुनौती र आवश्यकताका विषयमा सहजीकरण गरेका थिए । गुड नेवर्स इन्टरनेसनलको पर्वत कलस्टरका संयोजक रञ्जीतकुमार चौधरीले परियोजनाका बारेमा प्रकाश पार्दै स्वागत गर्नुभएको थियो । सङ्गम म्याग्दीले सन् २०१३ देखि धवलागिरि गाउँपालिकामा एकीकृत विकास परियोजना सञ्चालन गर्दै आएका परियोजनाका जीविकोपार्जन अधिकृत अनुषा लामिछानेले बताईन् । सङ्गमले गर्ल्स फस्ट फण्डको सहयोगमा धवलागिरि गाउँपालिकामा बालविवाह न्यूनीकरणसम्बन्धी छुट्टै अर्को कार्यक्रम पनि सञ्चालन गरेको छ ।

*-रासस*

**श्रेष्ता कायम, नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

पाल्पा जिल्ला सा.बौघागुम्हा-५ हाल तानसेन -१३ निवासी रोमन बहादुर राना, मान बहादुर राना, बल बहादुर राना र खिम बहादुर रानाले आफ्नो बाबु भुपाल सिंह रानाको २०५४/०७/०१ मा मृत्यु भएको, आमा देवीसरा रानाको समेत २०७८/११/१४ मा मृत्यु भएको निज ज.धबाट ४ छोराहरुको जन्म भएको, अविवाहित छोरीहरु नभएका, ज.ध भूपाल सिंह रानाका नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक **बौघागुम्हा**-५/६ का कि.नं.८१, ९९, ३, ८२, ९८, ८/२२०, ३६४ जग्गाको ज.ध. पूर्जा हराएको, श्रेष्ता कायम नभएको र हालसम्म आफुहरुले नै हकभोग गर्दै आईरहेकोले उक्त कि.नं. को जग्गाहरु ज.ध का नाममा श्रेष्ता कायम गरी निवेदक छोराहरु रोमन बहादुर राना, मान बहादुर राना, बल बहादुर राना र खिम बहादुर रानाको नाममा संयुक्त नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त कि.नं. को जग्गामा निवेदकहरुको हकभोग छ वा छैन अन्य कोही कसैको हकभोग छ की ज.ध. पूर्जा हराएको हो वा होइन माथि उल्लेखित कि नं. का जग्गा ज.ध.ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् । उक्त कि.नं.को जग्गा हालसम्म किन श्रेष्ता कायम नगरिएको हो ? ज.ध का दम्पतीको मृत्यु भएको हो वा होइन । ज.घ.को शेषपछिका हकवाला के कति छन् ? निवेदकहरु बाहेक अन्य हकवाला छन्, छैनन्। उल्लेखित जग्गाहरु ज.ध का नाममा श्रेष्ता कायम गरी निवेदक छोराहरु रोमन बहादुर राना, मान बहादुर राना, बल बहादुर राना र खिम बहादुर रानाको नाममा संयुक्त नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन: उल्लेखित जग्गाहरु ज.ध. का नाममा श्रेष्ता कायम गरी निवेदकहरुका नाममा संयुक्त नामसारी गरिदिन मिल्छ वा मिल्दैन निवेदन मागदाबी बमोजिम गरिदिँदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा संयुक्त नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

**इति सम्वत २०८२ साल पुस ७ गते रोज २ शुभम् ।**

**श्रेष्ता कायम हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त पाल्पा जिल्ला साविक बौघागुम्हा -५ हाल तानसेन -१३ निवासी रोमन बहादुर रानाले आफ्ना नाममा दर्ता कायम रहेको साविक बोघागुम्हा-५ कि.नं.८८ जग्गाको ज.ध. पूर्जा हराएको, हालसम्म आफ्नो हकभोगमा रहेको तर श्रेष्ता कायम नभएकोले श्रेष्ता कायम गरी पांउ भनी यस कार्यालयमा निवेदन दिनुभएको सम्बन्धमा यसमा हाल सम्म उक्त कि नं का जग्गाहरुको किन श्रेष्ता कायम नभएको हो ? ज.ध. पूर्जा हराएको हो वा होइन् ? उक्त जग्गामा हाल कसको हकभोग छ ? रोमन बहादर रानाको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.न. का जग्गाहरु निवेदकले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन: ज.ध. रोमन बहादुर रानाको नाउंमा उक्त कि.नं. का जग्गाहरु श्रेष्ता कायम गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन: उल्लेखित जग्गा ज.ध रोमन बहादुर रानाको नाउंमा श्रेष्ता कायम गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिंदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम निवेदक रोमन बहादुर रानाको नाममा श्रेष्ता कायम भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

**इति सम्वत २०८२ साल पुस ७ गते रोज २ शुभम् ।**

